# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, कार्तिक १ गते २०२८ साल [संख्या २५

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भेरी अञ्चल अन्तरगतको निम्नलिखित जग्गा स्थानीय टेलिफोन एक्स चेंज र ट्रंक ट्रान्समिटिङ स्टेशन बनाउनको लागि प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

(१) नेपालगञ्जबजार जाने मूलसडकदेखि पश्चिम, जेल कार्यालय जाने बाटो र भेरी अञ्चल अस्पतालदेखि उत्तर, गोपालप्रसादको जग्गादेखि पूर्व र माधवीदेबीको घर तथा भेरी अञ्चलाधीश कार्यालयका शाखा अधिकृतको क्वाटरदेखि दक्षिण यति चार-किल्लाभित्रको नेपालगन्ज नगर पञ्चायत वार्ड नं. ७ क को कि. नं. ३२ र ३४ को मालपोत रू. १७।७३ लागेको जम्मा जग्गा बिगहा ०–६–१६ छकट्ठा उन्नाइसधुर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपालगञ्ज सुर्खेत रोडदेखि पूर्व, पश्चिमाञ्चल प्रहरी तालीम केन्द्रदेखि उत्तर मथुरा तेली, जगप्रसाद वाहुन र विहारी वदेका जग्गादेखि पश्चिम, भगौती अहिर सन्तराम कुर्मी र मथुरा तेलीको जग्गादेखि दक्षिण यति चारकिल्लाभित्रको जिल्ला बाँके खास कारकादो पञ्चायत वार्ड नं. ८ को कि.नं. १७३,१७४,१७५,१७६,१८४,१८५, १८६,१८७,१८८ को मालपोत रू. ७४।१८ लागेको जम्मा जग्गा बिगहा १-९-१ एक बिगहा नौकट्ठा एकधुर

आज्ञाले–
चित्रबहादुर के.सी.
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

३२० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।